आज मिति २०८३ साल वैशाख महिनाको २५ गते शुक्रवारका दिन राइनास नगरपालिकाको कार्यपालिका हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा राइनास नगर कार्यपालिकाको ९१ औं बैठक वसी निम्नानुसार निर्णय गरियो।

उपस्थिति :

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग वहादुर गुरुङ | अध्यक्ष |
| | नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज रेग्मी | सचिव |

आमन्त्रित अन्य उपस्थिति :

| | | |
|---|---|---|
| | प्रशासकीय अधिकृत विमला वाग्ले | |
| | लेखा अधिकृत श्याम व. पराजुली | |
| | इ. [illegible] रिसाल | |
| | सहायक प्रशासकीय अधिकृत [illegible] | |
| | | |

प्रमाणित

मिति २०८३/१/२५ गतेको ९१ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु:

१. अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा।

२. जोखिमयुक्त रुख हटाउने सम्बन्धमा ।

३. नगर अस्पताल स्वास्थ्य सामग्री खरिद सम्बन्धमा ।

४. कार्वन उत्सर्जन कम गर्ने योजना सम्बन्धमा ।

५. ठेक्काको म्याद थप सम्बन्धमा ।

६. एक घर एक धारा कार्यक्रम सम्बन्धमा ।

७. आर्थिक स्तर कमजोर भएका दलित एकल महिला जनजाति कृषकहरुलाई आय आर्जन तथा पोषण सुधारको लागि कुखुराका चल्ला, सुङ्गुरका पाठापाठी वितरण कार्यक्रम अनुदान सम्बन्धमा ।

८. विविध

निर्णयहरु:

निर्णय नं.१

नगर कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे समीक्षा गरियो।

निर्णय नं.२

राइनास नगरपालिका वडा नं ०७ निवासी श्री सरिता श्रेष्ठ समेतको लिखित निवेदन र सम्बन्धित वडा कार्यालयबाट समेत सिफारिस भएबमोजिम निवेदकहरुको घर नजिकको बाटोको छेउमा रहेको पिपल प्रजातिको रुख हावा हुरी आउँदा स्थानीयलाई क्षति पुर्याउन सक्ने देखिएकोले उक्त रुख नियमानुसार हटाउने। सो कार्यका लागि सब-डिभिजन वन कार्यलय, राइनास-दुधपोखरी, धमिलीकुवालाई अनुरोध गर्ने। यस कार्यालयबाट आवश्यक सहजीकरण गर्ने ।

निर्णय नं.३

राइनास नगर अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि ब.उ.शी.नं.३७०००११४३ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तरगत रु ३२ लाख १५ हजार, निर्माण सम्पन्न भएका आधारभूत अस्पताल (५,१० र १५) शैया सञ्चालन खर्च (२२५२२) नेपाल सरकार आन्तरिक ऋण अन्तर सरकारी अख्तियारी प्राप्त भएकोले उक्त रकमबाट राइनास नगर अस्पताललाई आवश्यक पर्ने वेड, हुइल चियर, फर्निचर, फ्रिज तथा अत्यावश्यक सामग्री/उपकरणहरु समेत खरिद गर्ने ।

निर्णय नं.४ :

सनशाइन एनर्जी प्रा.लि., सामाखुसी काठमाडौंबाट घरेलु वायु प्रदुषण (धुवा) र कार्वन उत्सर्जन कम गर्ने लक्ष्य सहित यस नगरपालिकामा कार्वन आयोजना सञ्चालनको लागि सिफारिस माग भइ आएकोले यस नगरपालिकामा उक्त आयोजना सञ्चालनको लागि सिफारिस गर्ने ।

नगर प्रमुख

निर्णय नं.५ :

शिशु विद्याश्रमको छात्रावास निर्माण योजनालाई सम्बन्धित निर्माण व्यवसायीको अनुरोधमा कुनै पनि प्रकारका थप आर्थिक भार कार्यालयले नब्यहोर्ने गरी २०८३ जेठ मसान्तभित्र कार्य सम्पन्न गर्ने गरी निजसँग सोहीबमोजिमको कार्यसम्पादन जमानत पत्र तथा कार्य तालिका पेश गर्न लगाई सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम २०८३ वैशाख ३१ गते देखि २०८३ जेठ मसान्तसम्म म्याद थप गर्ने।

निर्णय नं.६ :

यस नगरपालिकाको आ.व. ०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत "राइनास नगरपालिकाको एक घर एक धारा कार्यक्रम" उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न आर्थिक मामिला मन्त्रालय गण्डकी प्रदेशमा अनुरोध गरिएकोमा हालसम्म सहमति प्राप्त नभएको। हालै सार्वजनिक खरिद ऐन, २०६३ लाई सार्वजनिक खरिद अध्यादेश (दोश्रो संशोधन) २०८३ ले संशोधन गरेकोले संशोधित कानुनी व्यवस्था अनुसार उक्त योजना कार्यान्वयन गर्ने।

निर्णय नं ०७ :

यस नगरपालिकाको आ.व. ०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत "आर्थिक स्तर कमजोर भएका दलित एकल महिला जनजाति कृषकहरुलाई आय आर्जन तथा पोषण सुधारको लागि कुखुराका चल्ला, सुङ्गुरका पाठापाठी वितरण कार्यक्रम" कार्यान्वयन गर्दा लक्षित वर्गलाई सत प्रतिशत अनुदानमा वितरण गर्ने।

निर्णय नं ०८ :(विविध) :

(क) मिति २०८३ वैशाखको पहिलो र दोश्रो हप्तामा प्राकृतिक विपद्को (वर्षाद) कारण वडा नं. १,२, ३ र ४ मा अवरुद्ध सडकहरू सार्वजनिक सुरक्षा तथा आधारभूत आवतजावतका लागि तत्काल सञ्चालन गर्नुपर्ने बाध्यात्मक र आकस्मिक अवस्था सिर्जना भएकोले, सार्वजनिक खरिद ऐन तथा नियमावलीको विशेष परिस्थिति सम्बन्धी व्यवस्था बमोजिम ओम बक्रतुण्ड कन्स्ट्रक्सनमार्फत जेसिबि (3 DX) परिचालन गरी कार्य गराइएको। उक्त निर्माण व्यवसायीसँग भएको प्रति घण्टा रू. ३,८०० (मू.अ. कर सहित) को दररेट र उपप्रमुख तथा सम्बन्धित वडा अध्यक्षको रोहबरमा फिल्डमै भएको सम्झौतालाई अनुमोदन गर्ने। साथै डिजलको मूल्यमा उल्लेख्य रुपमा कमी नआएसम्म यही दर रेट कायम गर्ने ।

(ख) प्रदेश अस्पताल लमजुङको सहयोगमा वडा नं. १० मा मिति २०८३।०१।१२ मा सम्पन्न भएको विशेषज्ञ सेवा प्रदान गर्ने कार्यमा खटिएका चिकित्सक तथा स्वास्थ्यकर्मीको खाना खाजा खर्च रु २७ हजार विविध खर्च शीर्षकबाट भुक्तानी व्यवस्था मिलाउने।

खड्ग बहादुर गुरुङ्ग
नगर प्रमुख